# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं जेठ २९ गते, २०७१ साल (अतिरिक्ताङ्क ६(ङ+१

## भाग ३

### नेपाल सरकार

### संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

**पर्वतारोहण सम्बन्धी (तेस्रो संशोधन) नियमावली, २०७१**

पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

पर्यटन ऐन, २०३५ को दफा ५६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "पर्वतारोहण सम्बन्धी (तेस्रो संशोधन) नियमावली, २०७१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ को नियम ५ मा संशोधनः** पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ को नियम ५ को उपनियम (२) मा देहायको प्रतिवन्धात्मक बाक्यांश थपिएको छ :-

"तर आर्थिक वर्ष ०७०/७१ को बसन्त ऋतुको लागि सगरमाथा, ल्होत्से वा नुप्से हिमाल आरोहण गर्न अनुमति लिएका पर्वतारोही दलले आफ्नो पर्वतारोहण अभियान पछि सार्न चाहेमा मन्त्रालयले पाँच वर्षसम्म पर्वतारोहण अभियान पछि सार्न अनुमति दिन सक्नेछ ।"

आज्ञाले,

**सुरेश मान श्रेष्ठ**

नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।
डा.हु.वि.नं. १६/०६२/०६३

मुद्रण विभाग, सिंहदरबार

४१६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।